apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्ष: १२ ● अंक: १७६ ● पृष्ठ: ४ ● २९ असार २०८३ सोमबार (13 July 2026, Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/




मधेशी भएकै कारण फिल्मबाट निकालिएको अभिनेत्री कर्णको आरोप

## रातो नम्बर प्लेटका सवारीबाट खुलेआम यात्रु ओसारपसार, सम्बन्धित निकाय मौन

✍ शुभ नारायण कामती
सिरहा, असार २८ गते

सिरहा जिल्लामा निजी प्रयोजनका लागि दर्ता भएका रातो नम्बर प्लेटका सवारी साधन सार्वजनिक यातायातसरह सञ्चालन भइरहेको भन्दै स्थानीय स्तरमा गम्भीर प्रश्न उठ्न थालेको छ। स्थानीयवासी, यातायात व्यवसायी तथा सरोकारवालाले केही हाइस, भ्यान र माइक्रोबसले नियमित रूपमा यात्रु तथा सामान ओसारपसार गर्दै भाडा असुलिरहेको आरोप लगाएका छन्।

स्थानीय स्रोतका अनुसार जिल्लाका विभिन्न ग्रामीण तथा सहरी रुटमा सञ्चालित केही रातो नम्बर प्लेटका सवारी साधन लामो समयदेखि नियमित रूपमा यात्रु बोक्ने र भाडा असुल्ने कार्यमा संलग्न छन्। यसले कानुनी रूपमा सञ्चालनमा रहेका सार्वजनिक यातायात व्यवसायीलाई प्रत्यक्ष आर्थिक क्षति पुगेको उनीहरूको




भनाइ छ।

यसैबीच, स्थानीय स्रोतका अनुसार यस्ता सवारी साधनको सञ्चालनमा सम्बन्धित निकायको प्रभावकारी निगरानी नहुनुका साथै केही ट्राफिक प्रहरी कर्मचारीले दैनिक वा मासिक रूपमा रकम लिएर अवैध सञ्चालनलाई संरक्षण दिएको आरोप लगाएका छन्।

यसले कानुन कार्यान्वयन गर्ने निकायको निष्पक्षता र पारदर्शितामाथि नै गम्भीर प्रश्न उठाउने बताएका छन्। उनीहरूले आरोपको निष्पक्ष छानबिन गरी दोषी पाइए कानुनअनुसार कारबाही गर्न माग गरेका छन्।

नेपालको प्रचलित यातायात व्यवस्था ऐन तथा नियमावलीअनुसार रातो नम्बर प्लेट निजी प्रयोजनका लागि दर्ता भएका सवारी साधनमा प्रयोग गरिन्छ भने सार्वजनिक तथा व्यावसायिक प्रयोजनका सवारी साधनका लागि कालो नम्बर प्लेटको व्यवस्था गरिएको छ। कानुनी रूपमा निजी सवारी साधनलाई नियमित भाडामा सञ्चालन गरी यात्रु ओसारपसार गर्न अनुमति छैन।

यातायात क्षेत्रका जानकारहरूका अनुसार निजी सवारी साधनको अवैध व्यावसायिक प्रयोगले राज्यको राजस्वमा प्रत्यक्ष असर पार्नुका साथै सार्वजनिक यातायात क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धा सिर्जना गरिरहेको छ। साथै, यस्ता सवारीमा यात्रु बीमा, दुर्घटना उत्तरदायित्व तथा सुरक्षासम्बन्धी विषयसमेत स्पष्ट नहुने भएकाले यात्रु थप जोखिममा पर्ने गरेका छन्।

स्थानीयवासीले ट्राफिक प्रहरी,

बाँकी पृष्ठ २ ▸▸

## मधेश बजेट विवाद समाधानका लागि सात सदस्यीय विशेष संसदीय कार्यदल गठन



✍ अपन दैनिक संवाददाता
सिरहा, असार २८ गते

मधेश प्रदेश सभामा आर्थिक वर्ष २०८३/८४ को बजेटलाई लिएर उत्पन्न विवाद र संसदीय गतिरोध अन्त्य गर्न सात सदस्यीय विशेष संसदीय कार्यदल गठन गरिएको छ।

सभामुख रामअशिष यादवले आईतवार बसेको प्रदेश सभा बैठकमा उक्त कार्यदल गठनको घोषणा गरे।

सभामुख यादवकाअनुसार बजेट कार्यान्वयनका क्रममा देखिएका कानूनी, नीतिगत तथा व्यावहारिक जटिलताहरूको सुक्ष्म अध्ययन गरी समाधानका लागि आवश्यक सुझाव प्रश्तुत गर्ने जिम्मेवारी कार्यदललाई दिइएको छ।

कार्यदलले तत्कालै आफ्नो कार्य प्रारम्भ गर्ने र आवश्यकताअनुसार आफ्नै कार्यविधि तयार गरी स्वतन्त्र रूपमा काम गर्नसक्ने अधिकार प्रत्यायोजन गरिएको छ।

नवगठित कार्यदलमा मधेश प्रदेशसभामा प्रतिनिधित्व गर्ने प्रमुख दलका सांसदहरू रहेका छन्। कार्यदलको सदस्यहरूमा जनता समाजवादी पार्टी (जसपा) नेपालबाट उपेन्द्र महतो, नेकपा (एमाले) बाट हरिनारायण महतो र नेपाली काँग्रेसबाट जंगीलाल राय रहेका छन्।

त्यसैगरी, नेपाली कम्युनिष्ट पार्टीबाट प्रमोद यादव, जनमत

बाँकी पृष्ठ ४ ▸▸

## पत्राउको त्रास र न्यायको आस बोकेर राजधानीतिर लम्किँदै ३०० मिटरब्याज पीडित




✍ अपन दैनिक संवाददाता
सिरहा, असार २८ गते

मिटरब्याज तथा तमसुकसम्बन्धी समस्याको स्थायी समाधानको माग गर्दै मिटरब्याज पीडितहरूले जनकपुरदेखि काठमाडौंसम्मको 'मिटरब्याज विरुद्ध पैदल न्याय मार्च' पुन: सुरु गरेका छन्।

असार २५ गते धनुषाको ऐतिहासिक तिरहुतिया गाछीबाट सुरु भएको पीडितहरूको पदयात्रा आइतबार चौथो दिनमा प्रवेश गरेको छ।

संयुक्त जनअधिकार मोर्चाका संयोजक निर्ग नवीनका अनुसार आन्दोलनकारी टोलीले दैनिक औसत २५ किलोमिटरको दूरी तयार गर्दै यात्रा अघि बढाएको छ।

बाँकी पृष्ठ ४ ▸▸

## सिरहा नगरपालिकामा करार र अस्थायी कर्मचारीको म्याद नथपिने


### साउन १ गतेदेखि स्वीकृत दरबन्दीबाहेकका कर्मचारीको सेवा स्वत: समाप्त हुने

✍ अपन दैनिक संवाददाता
सिरहा, असार २८ गते

सिरहा नगरपालिकाले स्वीकृत दरबन्दीबाहेक अस्थायी नियुक्ति, सेवा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरूको करार सम्झौताको म्याद नथप्ने निर्णय कार्यान्वयनमा ल्याएको छ। नेपाल सरकारको नयाँ नीतिअनुसार नगरपालिकाले सार्वजनिक सूचना जारी गर्दै आगामी साउन १ गतेदेखि यस्ता कर्मचारीको सेवा स्वत: समाप्त हुने जनाएको हो।

नगरपालिकाले शुक्रबार सूचना जारी गरे पनि उक्त निर्णय आइतबार सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेको हो। सूचनाअनुसार नेपाल सरकार (मन्त्रिपरिषद्) को २०८२ असार ५ गतेको निर्णय, अर्थ





सिरहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिरहा
मधेश प्रदेश, नेपाल

प.स.: २०८२/०८३
च.नं.: ३३८५

मिति : २०८३/०३/२६ गते

अस्थायी र सेवा करार कर्मचारीको म्याद थप नहुने सम्बन्धी सूचना।

उपरोक्त विषयमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२/०६/०५ गतेको बैठकको निर्णयानुसार तथा अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौंको पत्र संख्या २०८२/०८३ मिति २०८२/०६/०७ को च.नं ११८, तथा तत्कालिन श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या २०८२-०८३ मिति २०८२/०६/०८ को च.नं. ११३ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा स्वीकृत दरबन्दी बाहेकमा अस्थायी तथा करारमा कर्मचारी राख्न नपाउने भनि निर्णय भए बमोजिम यस सिरहा नगरपालिका अन्तर्गत स्वीकृत दरबन्दी बाहेकका अस्थायी नियुक्ति भएका र सेवा करारमा कार्यरत कर्मचारी एवं ज्यालादारीमा कार्यरत कर्मचारीको मिति २०८३/०४/०१ गते देखि लागु हुने गरि करार सम्झौताको म्याद थप नहुने मिति २०८३/०३/२५ गतेको निर्णयानुसार सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

मन्त्रालयको परिपत्र तथा तत्कालीन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्देशनका आधारमा यो निर्णय कार्यान्वयनमा ल्याइएको हो।

सरकारले संघ, प्रदेश र स्थानीय तहमा स्वीकृत दरबन्दीबाहेक अस्थायी नियुक्ति तथा सेवा करारमार्फत कर्मचारी राख्ने कार्यलाई नियन्त्रण गर्ने नीति अवलम्बन गरेपछि स्थानीय तहलाई पनि सोहीअनुसार व्यवस्थापन गर्न निर्देशन दिएको थियो। त्यसकै कार्यान्वयनस्वरूप सिरहा नगरपालिकाले दरबन्दीबाहेक कार्यरत कर्मचारीको करार अवधि नथप्ने निर्णय गरेको जनाएको छ।

बाँकी पृष्ठ ३ ▸▸

## बाटोमा हाल्न माटो खनेको खाल्डोमा डुबेर एकै परीवारका तीन बालबालिकाको मृत्यु



✍ अपन दैनिक संवाददाता
सिरहा, असार २८ गते

सिरहाको गोलबजार नगरपालिका ७ स्थित पुरानो चौक चोहर्वाको पशु हाटबजार परिसरमा बाटोमा हाल्न माटो खनेको खाल्डोमा डुबेर एकै परिवारका तीन बालबालिकाको मृत्यु भएको छ।

कवाडी संकलनको काम गर्दै

बाँकी पृष्ठ ३ ▸▸

## गर्मीमा झ्यापझ्याप बत्ती जाँदा वीरगन्जवासी आजित

✍ अपन दैनिक संवाददाता
पर्सा, असार २८ गते

प्रचण्ड गर्मीमा पंखाको भरमा रात बिताइरहेका वीरगन्ज र आसपासका बासिन्दा पछिल्ला दिनमा बारम्बार हुने विद्युत् ट्रिपिङका कारण हैरान भएका छन्। रातिको समयमा पटक-पटक विद्युत् अवरुद्ध हुँदा सर्वसाधारणको निन्द्रा बिथोलिएको छ भने मध्यम तथा न्यून आय भएका परिवार सबैभन्दा बढी प्रभावित बनेका छन्।

एक सातायता रातिको समयमा बत्ती जाने क्रम बढेपछि आक्रोशित स्थानीयले नेपाल विद्युत् प्राधिकरण वीरगन्ज वितरण केन्द्रमा पुगेर घेराउसमेत गर्न थालेका छन्। तर स्थानीयको दबाबका बाबजुद विद्युत् सेवाको गुणस्तरमा अपेक्षित सुधार आउन सकेको छैन।

वीरगन्ज-घडिअर्वाका मुन्ना सर्राफले



विशेषगरी रातिको समयमा अत्यधिक ट्रिपिङ हुने गरेकाले सर्वसाधारणले सास्ती खेप्नुपरेको बताए। 'घरमा इन्भर्टर राख्ने वा एसी चलाउने क्षमता भएकालाई त्यति समस्या नहोला,' उनले भने, 'तर यी दुवै सुविधा लिन नसक्ने मध्यमवर्गीय परिवारले गर्मी र अन्धकार दुवै सहनुपरेको छ।'

हरपतगन्जका दामोदर प्रसाद यादवले ग्रामीण क्षेत्रमा इन्भर्टर र एसी प्रयोग गर्नेको संख्या कम भए पनि सहरी क्षेत्रमा हुने विद्युत् समस्याको असर गाउँसम्म पुग्ने गरेको बताए। 'हामीलाई सहरजस्तो धेरै विद्युत् चाहिएको होइन, नियमित आपूर्ति मात्रै भए पुग्छ,' उनले

बाँकी पृष्ठ ४ ▸▸



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।**

## सम्पादकीय...

## खाल्डाखुल्डीमा र बालबालिकाको जीवन जोखिम

सिरहाको गोलबजार नगरपालिका-७ मा बस्दै आएकी सविनाका तीन छोराछोरी घरनजिकैको खाल्डोमा डुबेर मृत्यु भएको घटना अत्यन्तै दुःखद र संवेदनशील छ। यो एउटा परिवारको पीडा मात्र होइन, राज्यका निकायहरूको लापरवाहीको परिणाम पनि हो। विडम्बना के छ भने सिरहा जिल्लासहित मधेश प्रदेशका विभिन्न स्थानमा खाल्डाखुल्डी, पोखरी तथा पानी जम्ने स्थानमा डुबेर बालबालिकाको मृत्यु हुने घटना वर्षेनी दोहोरिँदै आएको छ। यस्ता घटनाले आकस्मिक दुर्घटनाभन्दा पनि रोकथाम गर्न सकिने तर बेवास्ताका कारण हुने मानवीय क्षतिको रूप लिइसकेका छन्। विकास निर्माणका नाममा सडक, भवन, सिँचाइ आयोजना, नयाँ पोखरी निर्माण तथा ग्राभेल उत्खननपछि खुला छाडिएका खाल्डाखुल्डीहरू बालबालिकाका लागि मृत्युको पासो बनेका छन्। धेरै स्थानमा सुरक्षा घेरा, चेतावनी बोर्ड वा आवश्यक व्यवस्थापन नहुँदा बालबालिका खेल्ने क्रममा यस्ता स्थानमा पुगेर दुर्घटनामा पर्ने गरेका छन्।

स्थानीय सरकार, सम्बन्धित निर्माण कम्पनी र सरोकारवाला निकायले समयमै आवश्यक सावधानी अपनाएको भए यस्ता धेरै घटना टार्न सकिन्थ्यो। स्थानीय तहको प्रमुख जिम्मेवारी नागरिकको सुरक्षा सुनिश्चित गर्नु हो। तर अधिकांश पालिकाले जोखिमयुक्त स्थानको पहिचान, संरक्षण र नियमित अनुगमनलाई प्राथमिकतामा राख्न सकेका छैनन्। त्यस्तै, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा सम्बन्धित सरकारी निकायबीच आवश्यक समन्वय र प्रभावकारी निगरानीको अभाव पनि स्पष्ट देखिन्छ। दुर्घटना भएपछि राहत र समवेदना व्यक्त गर्नु मात्र पर्याप्त हुँदैन। यस्ता लागि घटना हुन नदिन पूर्वतयारी गर्नु नै जिम्मेवार शासनको परिचय हो। स्थानीय, प्रदेश र संघीय सरकारले यस समस्यालाई गम्भीर सार्वजनिक सुरक्षाको विषयका रूपमा लिनुपर्छ। विकास निर्माण वा उत्खननपछि बनेका खाल्डाखुल्डी तत्काल पुर्ने, सम्भव नभए सुरक्षित घेरा हाल्ने, चेतावनी बोर्ड राख्ने, नियमित अनुगमन गर्ने तथा निर्माण कम्पनीलाई कानुनी रूपमा जिम्मेवार बनाउने व्यवस्था गर्न आवश्यक छ।

विद्यालय, समुदाय र अभिभावकमार्फत बालबालिकालाई पानीजन्य जोखिमबारे सचेत गराउने अभियान पनि प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्छ। बालबालिकाको जीवनभन्दा ठूलो कुनै विकास हुन सक्दैन। केही लापरवाहीका कारण निर्दोष बालबालिकाले ज्यान गुमाइरहने अवस्था सभ्य समाजका लागि स्वीकार्य हुन सक्दैन। त्यसैले सरकारले स्पष्ट नीति, कडा कार्यान्वयन र प्रभावकारी अनुगमनमार्फत यस्ता दुर्घटनाको अन्त्य गर्ने प्रतिबद्धता देखाउनुपर्छ। अन्यथा, प्रत्येक वर्ष दोहोरिने यस्ता दुःखद घटनाले राज्यको जिम्मेवारीमाथि गम्भीर प्रश्न उठाइरहनेछन्। सिरहा जिल्लासँगै मधेश प्रदेशमा भईरहेको बालबालिकाको जोखिमको अवस्थालाई सुदृढ गर्नुपर्छ। बालबालिकाको जोखिमयुक्त क्षेत्रको पहिचान गरी आवश्यक तयारी गर्नुपर्छ। जसले गर्दा उनीहरुको ज्यान अनाहकमा नजाओस भन्ने हेक्का स्थानीय सरकारको हुनुपर्छ। सिरहा जिल्लामा वर्षेनी बालबालिकाको डुबेर हुने मृत्युलाई रोक्न पनि जिल्लाका १७ वटै पालिकाले आवश्यक समन्वय गरी अघि वढ्न जरुरी छ। अनि मात्र उनीहरु सुरक्षित महसुस गर्न सक्छन्।

## रातो नम्बर प्लेटका सवारीबाट खुलेआम .........

यातायात व्यवस्था कार्यालय, जिल्ला प्रशासन कार्यालय लगायत सम्बन्धित निकायलाई तत्काल अनुगमन गरी वास्तविकता सार्वजनिक गर्न माग गरेका छन्। उनीहरूका अनुसार यदि नियमविपरीत निजी सवारी साधन सञ्चालन भएको र त्यसमा कुनै निकाय वा कर्मचारीको मिलेमतो रहेको पुष्टि भए कडा कानुनी कारबाही हुनुपर्छ।

जिल्लामा रातो नम्बर प्लेटका सवारी साधनबाट खुलेआम यात्रु ओसारपसार भइरहेको विषयले नियामक निकायको प्रभावकारिता, कानुन कार्यान्वयनको अवस्था तथा सार्वजनिक यातायात व्यवस्थापनमाथि गम्भीर प्रश्न खडा गरेको छ। सरोकारवालाहरूले यातायात क्षेत्रलाई व्यवस्थित, सुरक्षित र कानुनसम्मत बनाउन प्रभावकारी अनुगमन, पारदर्शी नियमन र निष्पक्ष छानबिन अपरिहार्य भएको बताएका छन्।

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

**सिधा सम्पर्क ०३३-५२१२१४**

# मिटरब्याज पीडितको मार्चपास: दैनिक २० किलोमिटर हिंडाइ, सुन्निन थाले पैताला

हिँड्दाहिँड्दै पीडितका खुट्टा सुन्निएका छन्। तर जति पीडा भए पनि सहेर काठमाडौं पुग्नु छ। न्यायका लागि सरकारलाई जगाउनु छ।

**शैलेन्द्र महतो**




अघिअघि किसान-मजदुर आन्दोलनको ब्यानर, पछिपछि मिटरब्याज पीडितका पाइला। घन्किरहेछ- 'लिखत-तमसुक बदर गर', 'मिटरब्याजी साहुलाई कारबाही गर', 'सुदखोर होसियार', 'विगतका सम्झौता कार्यान्वयन गर' जस्ता नारा।

यी नारासँगै ६ बुँदे माग बोकेर ४०० मिटरब्याज पीडितहरू राजधानी काठमाडौंतर्फ लम्किरहेका छन्। कसैको हातमा झोला छ त कसैको हातमा पानीका बोतल। कसैले झण्डा बोकेका छन्।

असार २५ गते जनकपुरधामको तिरहुतियागाछीबाट यसरी लामबद्ध भएर हिंडेका मिटरब्याज पीडितहरू आज करिब १०० किलोमिटर दूरी पार गर्दै रौतहटको चपुर पुगेका छन्। उनीहरूको आजको बास चपुरस्थित धर्मशालामा हुनेछ।

**हिंड्दाहिंड्दै सुन्निन थाले पैताला**

वर्षा र गर्मीले मार्चलाई चुनौती बढाइरहेको छ। लगातार हिँड्दा उनीहरूलाई समस्या आउन थालेको छ। लालबन्दीबाट निस्केको पैदल मार्चको क्रममा सिरहाकी कुलसुम खातुन बेहोस् नै भएकी थिइन्। प्राथमिक उपचारपश्चात् उनको अवस्था सामान्य भएको मिटरब्याज पीडितका नेता मनोज पासवानले बताए।

'वर्षाले धेरै हैरान पारेको छ। गर्मीको मौसम छ। वर्षा भएर रोकिँदा झन् गर्मी बढ्छ। जसका कारण पैदल हिँडिरहेका पीडितको पैताला सुन्निन थालेको छ। आज कुलसुम खातुन बेहोस नै हुनु भयो,' उनले सुनाए।

लगातारको पैदल हिँडाइले पीडितका खुट्टामा फोका उठेका छन्। कसैलाई घाउसमेत लागेको छ।

पैदल मार्चमा सहभागी सिरहा लहान नगरपालिका-२ गोरथारी भगवानपुरकी २५ वर्षीया पारवती कुमारीको हिँड्दाहिँड्दा खुट्टा सुन्निएको छ।

परिवारले लिएको ऋण नदेखेकी पारवतीले साढे ३ वर्षअघि बिहे भएर आएपछि मात्र थाहा पाएकी थिइन्। ऋणको उचित सावाँब्याज फिर्ता गर्न चाहे पनि साहुले सम्पूर्ण सम्पत्ति हत्याएर सडकमा पुऱ्याउने अवस्था आएपछि उनी पैदल मार्चमा हिँडेकी हुन्।

'हिँड्दाहिँड्दै खुट्टा सुन्निएको छ। तर जति पीडा भए पनि सहेर काठमाडौं पुग्नु छ। सरकारलाई जगाउनु छ। हामीलाई न्याय चाहिएको छ,' उनले भनिन्।

मिटरब्याज पीडित अभियन्ता लक्ष्मी घिमिरेको खुट्टामा फोका उठेको छ। उनले आफू जस्तै धेरै जनाको खुट्टामा फोका उठेको र घाउ भएको बताइन्।

'हिँड्दाहिँड्दा मेरो खुट्टामा फोका उठेको छ। म जस्तै धेरै साथीहरूको खुट्टा सुन्निएको छ। तर पनि हिम्मतसाथ हिँडिरहेका छौं,' उनले भनिन्।

जतिसुखै दुःख भए पनि काठमाडौं पुगेर सिंहदरबारलाई आफ्नो आवाज सुनाउने अठोटका साथ उनीहरू अघि बढिरहेका छन्। दिनभरि नारा-जुलुससहित पैदल यात्रा गर्ने र राति विश्राम लिने क्रम जारी छ।

**दैनिक २० किलोमिटर हिंडाइ**

मिटरब्याज पीडितहरू दैनिक २० किलोमिटर बढी यात्रा गरिरहेका छन्। प्रधानमन्त्री बालेन शाहले ४ माघको रास्वपा सभामा अब उखु किसान र मिटरब्याज पीडित अधिकार माग्न काठमाडौं धाउन नपर्ने उद्घोष गरेका थिए। त्यही स्थान जनकपुरधामको तिरहुतियागाछीबाट असार २५ गते उनीहरूले मार्च पास सुरु गरेका थिए।

पहिलो दिन करिब २० किलोमिटर दूरी पार गर्दै उनीहरू धनुषाको क्षिरेश्वरनाथ नगरपालिकास्थित महेन्द्रनगरमा बास बसेका थिए। दोस्रो दिन असार २६ गते त्यहाँबाट हिँडेर झण्डै २० किलोमिटर दूरी पार गर्दै बर्दिबासको माइस्थान पुगेपछि पञ्चधुरा मन्दिर परिसरमा विश्राम गरेका थिए।

त्यसपछि शनिबार बिहान त्यहाँबाट प्रस्थान गरी २० किलोमिटरभन्दा बढी यात्रा गर्दै सर्लाहीको लालबन्दी पुगेका थिए। राति लालबन्दीमा विश्राम गरेपछि आइतबार बिहान रौतहततर्फ लागेका उनीहरू आज चन्द्रनिगाहपुरको धर्मशालामा आराम गर्ने छन्।

दिनभर हिँड्ने मार्च यात्री दिउँसो एक पटक र राति एक पटक भोजन गर्छन्। आर्थिक अवस्थाका कारण खाजा भने खाँदैनन्। चन्दा संकलन गर्दा पनि लक्ष्यअनुसार नजुटेपछि खाजाको लागि समस्या भएको अभियन्ता मनोज पासवानको भनाइ छ।

'हामी पीडितहरूबाटै ५०-१०० रुपैयाँ संकलन गर्छौं। तर अपेक्षित पैसा उठ्न सकेन। त्यसकारण खानाको मात्र व्यवस्था हुन सक्यो। खाजा नखाई हिँडिरहेका छौं,' उनले भने।

यसरी अघि बढिरहेका पीडितहरूको ६ सूत्रीय माग छ। मिटरब्याजसँग सम्बन्धित तमसुक, दृष्टिबन्धक, रजिस्ट्रेसन, चेकलगायत सबै फर्जी लिखत मन्त्रिपरिषद्को निर्णयमार्फत अवैध घोषणा गरी खारेज हुनुपर्ने, मिटरब्याज अपराध नियन्त्रणका लागि कडा र प्रभावकारी विशेष ऐन निर्माण गरी कडाइका साथ कार्यान्वयन हुनुपर्ने, मिटरब्याजसम्बन्धी मुद्दाको शीघ्र सुनुवाइका लागि विशेष न्यायाधिकरण गठन गर्नुपर्ने, फर्जी मुद्दाको पुनरावलोकन गर्न तथा पीडितमैत्री न्यायिक संयन्त्र स्थापना गर्नुपर्ने उनीहरूको माग छ।

यस्तै, साहु-महाजनले अवैध रूपमा आर्जन गरेका सम्पत्ति छानबिन गरी गैरकानुनी सम्पत्ति जफत तथा बैंक कारोबारको आधारमा अनुसन्धान गर्नु पर्ने, पीडितको चल-अचल सम्पत्ति फिर्ता गराई दोषीलाई कानुनी कारबाही गर्नुपर्ने, क्षतिपूर्ति तथा सम्पत्ति फिर्ता प्रक्रियामा सहुलियत दिनु पर्ने माग उनीहरूको छ। शोषित, उत्पीडित तथा साना व्यवसायीलाई सहज ऋण, वित्तीय पहुँच र न्यायपूर्ण आर्थिक कारोबार सुनिश्चित गर्ने विशेष कार्यक्रम सञ्चालन गर्नु पर्ने पनि पीडितको माग छ।

मिटरब्याजविरुद्ध किसान मजदुर आन्दोलन नेपालका अध्यक्ष कुशवाहाको नेतृत्वमा अघि बढिरहेको यो पैदल मार्चले काठमाडौं पुगेर सशक्त आन्दोलन गर्ने लक्ष्य लिएको छ।

**यसअघिका सहमति कार्यान्वयन भएनन्**

मिटरब्याज पीडितको यो तेस्रो पैदल मार्च हो। यसअघि २०७९ चैत २ गते बर्दिबासबाट निस्केका मधेशका ७२ जना मिटरब्याज पीडित पैदल मार्चपास गर्दै ११ दिनमा काठमाडौं पुगेका थिए।

मिटरब्याज पीडित संघर्ष समितिका अध्यक्ष मनोज पासवानको नेतृत्वको उक्त पैदल मार्च आन्दोलन सशक्त हुँदा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्ड माग पूरा गर्न सहमत भएका थिए। सरकार र आन्दोलनकारीबीच पाँच बुँदे सहमति भएको थियो।

सहमतिअनुसार सरकारले विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको नेतृत्वमा जाँचबुझ आयोग गठन गरेको थियो। तर पीडितहरू ठूलो संख्यामा भए पनि न्याय न्यून मात्र पाए।

आयोगको समय सकिएपछि दोस्रो पटक २०८० माघ १६ गते मेची र महाकालीबाट एकैपटक मिटरब्याज तथा ठगीविरुद्ध आन्दोलन गरेका थिए। किसान मजदुर संघर्ष समिति नेपालका अध्यक्ष अवधेश कुशवाहाको नेतृत्वमा करिब ४०० को संख्यामा काठमाडौं पुगेर आन्दोलन गरेका थिए।

मिटरब्याज पीडितको सशक्त

बाँकी पृष्ठ ३

## आजको राशिफल

**मेष :** आजको दिन आर्थिक दृष्टिकोणले निकै लाभदायक रहनेछ। रोकिएका धन राशिहरू फिर्ता हुन सक्छन्।

**बृष :** शारीरिक र मानसिक रूपमा स्फूर्ति तथा प्रसन्नता छाउनेछ। आत्मविश्वासमा वृद्धि हुनेछ।

**मिथुन :** आज खर्चमा अलि बढी नियन्त्रण राख्नुपर्ने देखिन्छ। अनावश्यक यात्रा वा दौडधूपले थकान महसुस हुन सक्छ।

**कर्कट :** भाग्यले साथ दिनेछ र आम्दानीका नयाँ स्रोतहरू फेला पर्न सक्छन्।

**सिंह :** कार्यक्षेत्रमा तपाईंको कामको उच्च मूल्यांकन हुनेछ। नयाँ जिम्मेवारी वा पदोन्नतिको अवसर मिल्न सक्छ।

**कन्या :** आज धार्मिक र आध्यात्मिक कार्यमा रुचि बढ्नेछ। कुनै मन्दिर वा तीर्थस्थलको यात्रा गर्ने योजना बन्न सक्छ।

**तुला :** स्वास्थ्यको मामलामा अलि सजग रहनुपर्ने दिन छ। मानसिक चिन्ता वा तनावले सताउन सक्छ।

**वृश्चिक :** दाम्पत्य जीवनमा मधुरता छाउनेछ। जीवनसाथीसँगको सम्बन्ध अझ प्रगाढ बन्नेछ।

**धनु :** शत्रुहरू परास्त हुनेछन् र प्रतिस्पर्धामा तपाईंको जित हुनेछ। स्वास्थ्यमा सुधार आउनेछ र शरीरमा ऊर्जा महसुस हुनेछ।

**मकर :** कला, साहित्य र रचनात्मक क्षेत्रमा लागेकाहरूका लागि आजको दिन उत्कृष्ट रहनेछ।

**कुम्भ :** मनमा केही चञ्चलता वा असन्तोषको भावना आउन सक्छ। आमाको स्वास्थ्यलाई लिएर अलि चिन्तित हुनुपर्ने देखिन्छ।

**मीन :** आज तपाईंको पराक्रम र साहस बढ्नेछ। छोटो दुरीको लाभदायक यात्रा हुन सक्छ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
**फोन नं. ०३३-५२०७१४**
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# मधेशी भएकै कारण फिल्मबाट निकालिएको अभिनेत्री कर्णको आरोप

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार २८ गते**

छायांकनरत फिल्म 'चिरञ्जीवि भवः' को विवाद सतहमा आएको छ । अभिनेत्री काजल कर्णले शुक्रबार राति सामाजिक सञ्जालमार्फत मधेशी भएकै आधारमा आफूलाई विभेद गर्दै फिल्मबाट निकालिएको दाबी गरेकी छन् ।

३५० भन्दा धेरै मैथिली, भोजपुरी र नेपाली म्यूजिक भिडियोमा काम गरेकी कर्णले उक्त फिल्मको सेटमा आफूलाई मधेशिनी भन्दै जिस्काइएको, वर्ण तथा भूगोलमाथि उपहास गरिएको बताएकी छन् ।

उनले फिल्मको सेटमा आफूमाथि प्राविधिक र छायांकन सदस्यद्वारा भएको भनिएका उपहास र विभेदको वर्णन गरेकी छन् । उनले केही प्राविधिक सदस्यको नामै लिएर उनीहरू यस्तो कार्यमा सहभागी भएको टिप्पणी गरेकी हुन् ।

यतिमात्र होइन, आफूलाई पारिश्रमिक समेत नदिएको आरोप उनको छ । सम्भवतः कुनै कलाकारले यसरी आफू मधेशी भएको कारण प्रोजेक्टबाट निकालिएको आरोप लगाएको यो पहिलोपटक हो ।

**के भन्छन् निर्देशक काकु ?**

यो फिल्मका निर्देशक दीपक आचार्य 'काकु'ले अभिनेत्री कर्णको आरोपमा कुनै सत्यता नरहेको दाबी गरेका छन् । 'मलाई उहाँले कुनै जानकारी गराउनुभएको छैन' काकु फेसबुकमा लेख्छन्, 'यदि कुनै सदस्यबाट उहाँले आरोप लगाएजस्तो व्यवहार गरेको पुष्टि भएमा गल्ती गर्ने जो कोहीलाई पनि १ सेकन्ड अविलम्ब नगरी कारबाही गरिनेछ ।'

कर्णले अभिनय गरेका हरेक अभिनयको फुटेज आफूहरू सुरक्षित रहेको भन्दै काकुले गोबर सोहर्न लगाएकोजस्ता आरोप पुष्टि गर्न चुनौती समेत दिएका छन् । पारिश्रमिकको तेस्रो किस्ता चाहिँ सबै कलाकारलाई डबिङ पछि मात्र दिइने उनले बताएका छन् ।



**कलाकार संघले छलफलमा बोलायो**

चलचित्र कलाकार संघले यो विवादमा अहिलेसम्म संस्थामा उजुरी नपरेको र दुवै पक्षलाई छलफलमा बोलाएको जनाएको छ । संघले विज्ञप्ति जारी गर्दै अभिनेत्री कर्णले लगाएका आरोप गम्भीर प्रकृतिका भएकाले छलफल र अनुसन्धानपछि मात्र विवाद निरुपण गर्न सकिने बताएको छ ।

कलाकार संघले यस घटनामा गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । 'चलचित्र कलाकार र निर्माण पक्षबीच यस्तो प्रकारको परिस्थिति सिर्जना हुनु समग्र नेपाली चलचित्र उद्योगका लागि सकारात्मक विषय होइन' कलाकार संघले भनेको छ, 'यस विषयलाई सामाजिक सञ्जालमार्फत सार्वजनिक रूपमा अभिव्यक्त गर्नुको सट्टा दुवै पक्ष संयमित भई आपसी संवाद र छलफलमार्फत समस्याको समाधान गर्न नेपाल चलचित्र कलाकार संघ हार्दिक अपिल गर्दछ ।'

## सिरहा नगरपालिकामा करार र अस्थायी कर्मचारीको ............

नगरपालिकाका अनुसार स्वीकृत दरबन्दीबाहेक अस्थायी नियुक्ति भएका, सेवा करारमा कार्यरत तथा ज्यालादारीमा रहेका कर्मचारीहरूको करार सम्झौता आगामी साउन १ गतेदेखि नवीकरण गरिने छैन । यससँगै हाल कार्यरत कर्मचारीहरूको करार अवधि समाप्त भएपछि उनीहरूको सेवा स्वतः समाप्त हुनेछ ।

नगरपालिकाले उक्त निर्णय २०८३ असार २५ गते गरेको जनाएको छ । निर्णयबारे सम्बन्धित कर्मचारीलाई जानकारी गराउने उद्देश्यले सार्वजनिक सूचना जारी गरिएको पनि उल्लेख गरिएको छ ।

नेपाल सरकारले पछिल्लो समय सार्वजनिक प्रशासनलाई दरबन्दीअनुकूल, व्यवस्थित र खर्च नियन्त्रणमुखी बनाउने नीति अघि सारेको छ । सोही नीतिअनुसार स्थायी संरचनाबाहिर रहेका अस्थायी तथा करार कर्मचारी व्यवस्थापनमा कडाइ गरिँदै आएको छ । सिरहा नगरपालिकाको पछिल्लो निर्णयलाई पनि संघीय सरकारको यही नीतिको स्थानीय कार्यान्वयनका रूपमा हेरिएको छ ।

यद्यपि, नगरपालिकाले यस निर्णयबाट प्रत्यक्ष रूपमा कति कर्मचारी प्रभावित हुनेछन् भन्ने विवरण सार्वजनिक गरेको छैन । प्रभावित कर्मचारीको व्यवस्थापन, सेवा सुविधाको अवस्था वा वैकल्पिक व्यवस्थाबारे पनि सूचनामा कुनै उल्लेख गरिएको छैन ।

यस निर्णयसँगै वर्षौंदेखि करार, अस्थायी तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरूको रोजगारी भविष्यबारे अन्योल बढेको छ । प्रभावित कर्मचारीहरूले आफ्नो सेवाको निरन्तरता, वैकल्पिक व्यवस्थापन तथा सरकारको नीतिबारे थप स्पष्टता माग गर्न थालेका छन् ।

प्रमुख प्रशासकीय अधिकृतद्वारा जारी गरिएको सूचनाअनुसार आगामी साउन १ गतेदेखि सिरहा नगरपालिकामा स्वीकृत दरबन्दीबाहेकका अस्थायी, सेवा करार तथा ज्यालादारी कर्मचारीहरूको सेवा अवधि औपचारिक रूपमा समाप्त हुनेछ ।

## मिटरब्याज पीडितको मार्चपासः दैनिक २० किलोमिटर ..........

आन्दोलनपश्चात् २८ फागुन २०८० मा फेरि सरकार र मिटरब्याज पीडितबीच वार्ता भई चार बुँदे सहमति भयो । यसको फलस्वरुप २०८० चैत ९ गते सरकारले दोस्रो पटक पूर्वन्यायाधीश तेजबहादुर कार्कीको नेतृत्वमा मिटरब्याजसम्बन्धी जाँचबुझ आयोग गठन गर्‍यो ।

त्यस बेला पनि ठूलो संख्यामा उजुरी परे पनि सुनुवाइ भने न्यून संख्यामा मात्र भयो । त्यसकारण यो विषय अहिलेसम्म जटिल बनेको छ । बेलाबेला मिटरब्याज पीडितको आन्दोलन भए पनि हजारौं पीडितले न्याय पाउन सकेका छैनन् । मिटरब्याजीहरूले अदालतबाट निषेधाज्ञा मुद्दाको सहयोग लिँदा र प्रहरी प्रशासन प्रभावित गर्दा न्याय नपाएको उनीहरूको गुनासो छ ।

यस्ता मिटरब्याज पीडित देशभर ६० हजारभन्दा बढीको संख्यामा रहेको पीडितहरूको भनाइ छ ।

## बाटोमा हाल्न माटो खनेको खाल्डोमा ............

आएका अवास शेखका छोरीहरु १२ वर्षीया छोरी सबनम खातुन, १० वर्षीया रुविना खातुन र छोरा ८ वर्षीय साफुल शेखको खाल्डोमा जमेको पानीमा डुबेर मृत्यु भएको हो । रौतहट जिल्लाको झिङ्गहर्वा २ स्थायी घर भई गोलबजार ७ मा लामो समयदेखि डेरा गरी बस्दै आएका शेखका पाँच सन्तानमध्ये तीन जना छोराछोरी आइतबार दिउँसो करिब अढाइ बजे घरबाट खेल्न निस्किएको जनाइएको छ ।

डेरा नजिकै रहेको खाल्डोमा जमेको पानीमा खेल्ने क्रममा उनीहरू डुबेको स्थानीय मनोज महतोले जानकारी दिए । बालबालिका डुबेको हल्ला भएपछि जम्मा भएका स्थानीयले उद्धार गरी स्थानीय स्वास्थ्य संस्थामा पुर्‍याएको भएपनि तीनै जनालाई मृत घोषणा गरेको थियो । प्रहरीले खाल्डोमा अझै बालबालिका डुबेको हुन सक्ने आशंकामा दमकलको सहयोगमा उक्त खाल्डोको पानी फालेको थियो ।

बालबालिकाको शव पोष्टमार्टमको लागि लहानस्थित रामकुमार शारदा उमाप्रसाद मुरारका प्रदेशिक अस्पताल पठाइएको प्रहरीले जनाएको छ । बाटोमा हाल्ने माटो खन्ने क्रममा स्थानीयले नखन्न अनुरोध गरेपनि निर्माण उपभोक्ता समितिले नमानेको स्थानीय बताउँछन् ।

स्थानीयले जनप्रतिनिधिको आडमा जथाभावी माटो खन्ने र उपयोग नै नहुने ठाउँमा बाटो बनाउँदा तीन बालबालिकाको अनाहकमा ज्यान गएको स्थानीयको आरोप छ ।

# मधेश प्रदेशमा ३३ प्रतिशत धान रोपाइँ सम्पन्न

**अपन दैनिक संवाददाता**
**सिरहा, असार २८ गते**



मधेश प्रदेशमा ३३ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । मधेश प्रदेश कृषि विकास निर्देशनालयका अनुसार धान खेती हुने ३ लाख ८२ हजार ४३३ हेक्टर खेतीयोग्य जमिनमध्ये हालसम्म १ लाख २६ हजार ४३९ हेक्टर क्षेत्रफलमा रोपाइँ सम्पन्न भएको छ ।

जिल्लागत रूपमा सबैभन्दा बढी सिरहामा ४५ प्रतिशत रोपाइँ सम्पन्न भएको छ भने सबैभन्दा कम रौतहटमा १६ प्रतिशत मात्र धान रोपाइँ भएको छ ।

मधेशका कतिपय जिल्ला तथा क्षेत्रमा सिँचाइको अभाव रहेकाले किसानहरू अझै पनि आकाशे पानीकै भरमा खेती गर्दै आएका छन् । हालसम्म पर्याप्त वर्षा नभएकाले रोपाइँमा उल्लेख्य प्रगति हुन सकेको छैन ।

मधेश प्रदेशको कुल सिँचित क्षेत्रफल ४.३४ प्रतिशतले घटेर ३ लाख १९ हजार ८० हेक्टरमा पुगेको छ । कुल सिँचित क्षेत्रफलमध्ये कुलोबाट सिँचित क्षेत्रफल ५.६७ प्रतिशतले घटेर १ लाख ७ हजार २३४ हेक्टर, नहरबाट सिँचित क्षेत्रफल ०.९७ प्रतिशतले घटेर १ लाख ६५ हजार १२४ हेक्टर तथा बोरिङबाट सिँचित क्षेत्रफल ९ प्रतिशतले घटेर ४१ हजार ५८६ हेक्टरमा पुगेको छ ।

गत वर्ष भने समग्र सिँचित क्षेत्रफल २.४१ प्रतिशतले वृद्धि भएको थियो । त्यसमध्ये नहरबाट सिँचित क्षेत्रफल ४.३१ प्रतिशतले वृद्धि भएको थियो ।

# रौतहटमा नवविवाहिताको शङ्कास्पद मृत्युः माइती पक्षद्वारा हत्याको आरोप



**अपन दैनिक संवाददाता**
**रौतहट, असार २८ गते**

रौतहटको कटहरिया नगरपालिका-३ बरेडवामा एक नवविवाहित महिलाको शङ्कास्पद मृत्यु भएपछि घटनालाई लिएर हत्या वा आत्महत्या भन्ने विषयमा अनुसन्धान सुरु भएको छ ।

प्रहरीका अनुसार कटहरिया नगरपालिका-३ बरेडवा निवासी निरज कुमार साह सोनारकी करिब २० वर्षीया श्रीमती निशा कुमारी साह सोनार आफ्नै सुत्ने कोठामा साडीको पासो लगाई घरको बाँसको कोरोमा झुन्डिएको अवस्थामा शनिवार फेला परेकी हुन् ।

घटनाबारे जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय कटहरियाका सई लालबाबु सहनीको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो । त्यसपछि इलाका प्रहरी कार्यालय गरुडाबाट इन्स्पेक्टर प्रमोद खड्काको नेतृत्वमा टोली खटिएर घटनास्थलको मुचुल्का उठाएको प्रहरीले जनाएको छ ।

प्रहरीले दिउँसो कानुनी प्रक्रिया पूरा गरी शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर पठाएको जनाएको छ ।

यता मृतकका बुबा ईशनाथ नगरपालिका-जटहरा गाउँ निवासी रबिन्द्र साह सोनारले आफ्नी छोरीको हत्या गरिएको आरोप लगाएका छन् । उनले ज्वाइँ निरज साह सोनार र उनका परिवारका सदस्यले घटनालाई आत्महत्याजस्तो देखाउन शव झुन्ड्याएको दाबी गरेका छन् । घटनापछि मृतकका श्रीमान घर छाडेर फरार रहेको पनि उनको आरोप छ ।

मृतकका बुबा रबिन्द्र साहका अनुसार गत फागुन महिनामा छोरीको विवाह भएको थियो । विवाह भएदेखिनै ज्वाइँ ले कहिले एसी, कहिले दाईजोको रुपैयाँ लगायत माग गर्दै दैनिकजसो छोरीलाई मानसिक यातना दिनुका साथै कुटपिट समेत गर्दै आएको बताएका छन् ।

घटनापछि स्थानीयवासी तथा मृतकका आफन्तले निष्पक्ष अनुसन्धान गरी दोषीमाथि कडा कानुनी कारबाही गर्न माग गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डिएसपी वसन्त गौतमले घटनाको वास्तविक कारण पोस्टमार्टम प्रतिवेदन र अनुसन्धानपछि मात्रै खुल्ने बताएका छन् ।

उनले हाल कसैलाई दोषी ठहर गर्न नमिल्ने भन्दै सबै पक्षबाट प्रमाण संकलन तथा आवश्यक अनुसन्धान भइरहेको जानकारी दिएका छन् ।



# जेनजी अभियानीमाथिको धरपकड विरूद्ध जनकपुरधाममा विरोध प्रदर्शन



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार २८ गते**

कीर्तिपुरस्थित होल्डिङ सेन्टरबाट जबर्जस्ती स्थानान्तरणको विरोध गर्ने क्रममा जेनजी अभियानीहरू माजिद अन्सारी, नहेन्द्र खड्का, सरिश्मा थापा लगायतमाथि भएको प्रहरी धरपकडको विरोधमा आइतबार जनकपुरधाममा विरोध प्रदर्शन गरिएको छ।

जेनजी मुभमेन्ट अलायन्स, मधेश प्रदेशको आयोजनामा भएको प्रदर्शनमा सहभागीहरूले अभिव्यक्ति स्वतन्त्रता, नागरिक अधिकार तथा शान्तिपूर्ण आन्दोलनको सम्मान गर्न सरकारसँग माग गरेका थिए।

प्रदर्शनकारीहरूले विभिन्न प्लाकार्डमार्फत सरकारको दमनकारी प्रवृत्तिको विरोध गर्दै पक्राउ परेका अभियानीहरूको तत्काल रिहाइको माग गरेका थिए।

कार्यक्रममा बोल्दै जेनजी मुभमेन्ट अलायन्स, मधेश प्रदेशका प्रतिनिधि मो. नइम राईनले लोकतान्त्रिक व्यवस्थामा नागरिकको आवाज दबाउने प्रयास स्वीकार्य नहुने बताए।

उनले शान्तिपूर्ण आन्दोलनमा सहभागी युवाहरूमाथि धरपकड गर्नु संविधानले प्रत्याभूत गरेका नागरिक अधिकारविपरीत रहेको धारणा व्यक्त गरे।

प्रदर्शनकारीहरूले पक्राउ परेका अभियानीहरूको बिनासर्त रिहाइ, आन्दोलनकारीमाथि लगाइएका मुद्दाहरू फिर्ता तथा नागरिक स्वतन्त्रताको सम्मान गर्न सरकारसँग माग गरेका छन्।

# बजेट र शिक्षा नियमावलीप्रति निजी शैक्षिक संस्थाको आपत्ति, ६ बुँदे माग सम्बोधन गर्न सरकारलाई दबाब

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार २८ गते**

निजी शैक्षिक संस्थाहरूले तीन प्रतिशत समता शिक्षा सेवा शुल्क कर खारेज गर्न माग गरेका छन्। आइतबार काठमाडौंमा पत्रकार सम्मेलन गरी विद्यार्थीबाट असुल गरिने सम्पूर्ण शैक्षिक शुल्कमा तीन प्रतिशत समता शिक्षा सेवा शुल्क लगाउने व्यवस्था व्यवहारिक न्यायोचित तथा दीर्घकालीन रूपमा उपयुक्त नभएको भन्दै समता शिक्षा सेवा शुल्क कर खारेज गर्न माग गरेका हुन्।

प्याब्सन, ऐन प्याब्सन, हिसान र अपेनले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै सरकार समक्ष ६ बुँदे गम्भीर ध्यानाकर्षण गराएका छन्। विगत चार दशकभन्दा बढी समयदेखि मुलुकको विद्यालय शिक्षा विकास र विस्तारमा निजी क्षेत्रले महत्त्वपूर्ण भूमिका खेल्दै आएको सन्दर्भ जोड्दै आर्थिक वर्ष २०८३-०८४ को बजेट तथा वित्तीय व्यवस्था र हालै जारी शिक्षा नियमावली (दसौं संशोधन) का केही व्यवस्थाहरू प्रति निजी शिक्षा क्षेत्रले असहमति र आपत्ति प्रकट गरेका छन्।



तथ्याङ्क अनुसार देशभर सञ्चालित १०,४७१ निजी विद्यालयहरूमा करिब ३७ लाख ४१ हजार विद्यार्थी अध्ययनरत छन्। यस क्षेत्रले देशको अर्थतन्त्र, रोजगारी सिर्जना तथा शैक्षिक पूर्वाधारमा उल्लेखनीय योगदान पुऱ्याइरहेको कुरा विज्ञप्तिमा उल्लेख छ।

उच्च शिक्षामा सबै वर्गका विद्यार्थीको पहुँच सुनिश्चित गर्न विनाधितो सहुलियतपूर्ण ब्याजदरमा कम्तीमा १० लाख रुपैयाँसम्मको शैक्षिक ऋण उपलब्ध गराइनुपर्ने र "पढ्दै कमाउँदै" कार्यक्रमलाई निजी क्षेत्रसँगको साझेदारीमा प्रभावकारी रूपमा विस्तार गरिनुपर्ने माग गरेका छन्। सार्वजनिक बिदा र शैक्षिक क्यालेन्डर निर्धारण गर्दा सरोकारवालाहरूसँग पर्याप्त परामर्श गरिनुपर्ने र नीतिगत स्थायित्वका लागि शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा ६ महिना अगावै निर्णय गरिनुपर्ने विषयमा जोड दिएका छन्।

निजी शिक्षा क्षेत्र सरकारको प्रतिस्पर्धी नभई शिक्षा विकासको सहयात्री र रणनीतिक साझेदार भएको स्पष्ट पार्दै सङ्गठनहरूले नीतिगत निर्णय प्रक्रियामा निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थाहरूको संस्थागत सहभागिता सुनिश्चित गर्न माग गरेका छन्। शिक्षा नियमावलीको दसौं संशोधनमा समेटिएका कतिपय बुँदाहरूले विद्यालय व्यवस्थापन, अनुशासन र उत्तरदायित्वमा जटिलता सिर्जना गर्ने देखिएकाले विद्यार्थीको अधिकार र विद्यालयको संस्थागत उत्तरदायित्वबिच सन्तुलन कायम हुने गरी ती व्यवस्थाहरूको पुनरावलोकन गर्न आग्रह गरिएको छ।

## पक्राउको त्रास र न्यायको आस बोकेर राजधानीतिर ............

चौथो दिनसम्म सर्लाही क्षेत्रमा आइपुगेको टोली रौतहट, बारा, निजगढ र हेटौंडा हुँदै काठमाडौं आइपुग्ने तयारीमा छ।

मिटरब्याजविरुद्ध किसान-मजदुर आन्दोलनको केन्द्रीय समितिको आयोजनामा भइरहेको यस आन्दोलनमा देशभरका ३५ जिल्लाका करिब ३०० जना मिटरब्याज पीडितहरू सहभागी छन्। यस पैदल यात्राको नेतृत्व मिटरब्याज संघर्ष समितिका अध्यक्ष अवधेश कुश्वाहाले गरिरहेका छन्।

संयुक्त जनअधिकार मोर्चाका संयोजक निर्ग नवीनले निर्वाचनका बेला वर्तमान सरकार र सत्तारुढ दलहरूले मिटरब्याज पीडितका समस्या समाधान गर्ने प्रतिबद्धता जनाए पनि सत्तामा पुगेपछि त्यसलाई बेवास्ता गरेको बताएका छन्।

'वर्तमान सरकारका प्रधानमन्त्री बालेन्द्र शाहले जनकपुरको यही तिरहुतिया गाछीमा आयोजित सभामा सम्बोधन गर्दै 'अधिकार माग्न काठमाडौं आउनु पर्दैन, तपाईंहरू भ्रमणका लागि मात्र पशुपति र स्वयम्भू आउनुस्' भन्नुभएको थियो,' संयोजक नवीनले भने, 'हामीले सोही वाचाका कारण ३/४ महिना सरकारको काम हेरेर प्रतिक्षा गर्‍यौं। तर, राजनीतिक घोषणापत्रमा भएका कुरा र मिटरब्याजको समस्या समाधान गर्न सरकार पूर्ण रूपमा असफल भयो।'

उनले सरकारले मिटरब्याजको नारा लगाएर भोट संकलन गरे पनि सरकारको 'सय दिनको सय कार्यक्रम' मा समेत यो मुद्दालाई सम्बोधन गर्न नसकेको बताए। यसअघि गृहमन्त्रालय लगायतका निकायमा पटक-पटक ध्यानाकर्षण गराउँदा पनि यो मुद्दाप्रति सरकारको कुनै ठोस बुझाइ वा सहानुभूति नदेखिएको उनको भनाइ छ।

पीडितहरूले पछिल्लो समय विभिन्न जिल्लामा मिटरब्याज पीडितहरूमाथि पक्राउ पुर्जी जारी हुने र धरपकड बढ्ने गरेको समेत बताएका छन्। वास्तविक दोषी (साहुकार) लाई कारबाही गर्नुको साटो कानुनी छिद्रको प्रयोग गरेर पीडितलाई नै कानुनी दबाबमा पारिएको उनीहरूको भनाइ छ।

संयोजक नवीनका अनुसार धनुषा जिल्लामा मात्रै करिब २५ सयभन्दा बढी उजुरी र पक्राउ पुर्जीहरू जारी भएका छन् भने हरेक जिल्लामा यो क्रम जारी छ। 'अहिले मिटरब्याज पीडितहरू घरमा बस्न सक्ने स्थिति छैन। साहुकारहरूलाई पक्राउ गर्नुको साटो पीडितलाई नै फरार कैदी जस्तो पक्रेर भित्र हाल्ने काम भइरहेको छ,' उनले भने।

मधेश प्रदेशबाट जितेका कतिपय सांसदहरूको सम्बन्ध मिटरब्याजी साहुहरूसँग राम्रो भएकाले पनि पीडितहरूले न्याय पाउन नसकेको उनको बुझाइ छ।

वर्षायाम, लगातारको पानी, पहिरो र हिलो सडकको कठिन अवस्थाका बाबजुद पनि आन्दोलनकारीहरूले आफ्नो यात्रालाई निरन्तरता दिइरहेका छन्।

पदयात्राका क्रममा स्थानीय जिल्ला समितिहरूले संकलन गरिदिएको दाल, चामल लगायतका खाद्यान्नको सहायता र स्थानीय मन्दिर तथा धर्मशालाहरूमा बास बस्दै टोली काठमाडौंतर्फ अघि बढिरहेको छ।

यसअघि मिटरब्याज नियन्त्रणका लागि बनेका कानुन, कार्यविधि तथा सरकारसँग भएका सम्झौताहरू प्रभावकारी रूपमा कार्यान्वयन नभएकाले पुनः आन्दोलन गर्नुपरेको नविन बताए।

मिटरब्याजपीडितहरूले २०७९ सालदेखि निरन्तर राज्यको ढोका ढकढक्याउँदै आएका छन्। मिटरब्याजपीडित संघर्ष समितिका अध्यक्ष मनोज पासवानको नेतृत्वमा ७२ जना पीडित ११ दिन पैदल हिँडेर बर्दीबासबाट काठमाडौं पुगेका थिए। २०७९ चैतमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको सरकारसँग ५ बुँदे सहमति भएको थियो।

दोस्रो पैदल मार्च २०८० माघ १६ मा मेची र महाकालीबाट एकैपटक पैदल मार्च गर्दै करिब ४०० पीडित काठमाडौं आएका थिए। आन्दोलनपछि २८ फागुनमा सरकारसँग ४ बुँदे सहमति भएको थियो।

तेस्रो आयोग गठन २०८१ फागुन २८ आन्दोलन जारी रहेपछि सरकारले पूर्वन्यायाधीश बाबुराम रेग्मीको अध्यक्षतामा तीन सदस्यीय अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग गठन गरेका थियो।

पटकपटकको आन्दोलन र सरकारसँगको सम्झौतामा आफुहरुले न्याय पाउन नसकेको भन्दै उनीहरु पुनः सरकारलाई ध्यानाकर्षण गराउन पैदल यात्रा गरेको बताउँछन्।

## गर्मीमा झ्यापझ्याप बत्ती जाँदा वीरगन्जवासी ............

भने, 'त्यो पनि सहज रूपमा नपाउँदा निकै सास्ती भएको छ।' उनका अनुसार रातिको समयमा तीनदेखि चार पटकसम्म बत्ती जाने गरेको छ।

वीरगन्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष माधव राजपालले पछिल्लो समय जगदम्बा स्टिललगायत औद्योगिक क्षेत्र आसपासमा पनि ट्रिपिङको समस्या बढेको बताए। उनका अनुसार उद्योगहरूमा विगतदेखि नै विद्युत् अवरोधको समस्या रहे पनि पछिल्लो समय घरेलु उपभोक्ता अझ बढी प्रभावित भएका छन्।

नेपाल विद्युत् प्राधिकरण वीरगन्ज वितरण केन्द्रका प्रमुख इन्जिनियर विजय महतोले गर्मी बढेसँगै वितरण प्रणालीमा अत्यधिक भार परेकाले ट्रिपिङ बढेको बताए। पछिल्लो समय घरघरमा एसी जडान गर्ने क्रम बढेकाले ट्रान्सफर्मरमाथि क्षमताभन्दा बढी भार परेको उनको भनाइ छ। 'एउटा ट्रान्सफर्मरले सीमित संख्यामा मात्रै एसीको भार थेग्न सक्छ,' उनले भने, 'धेरै ठाउँमा क्षमताभन्दा बढी लोड हुँदा ट्रान्सफर्मरको तीन फेजमध्ये एउटा फेज निष्क्रिय हुन्छ र एमसीबी ट्रिप हुन्छ।'

महतोका अनुसार वीरगन्जमा उच्च जनघनत्व, अव्यवस्थित सहरीकरण तथा पुराना विद्युत् संरचनाका कारण मर्मत-सम्भार र संरचना विस्तार गर्न कठिनाइ भइरहेको छ। विद्युत् उत्पादन वा आपूर्तिमा अभाव नरहे पनि वितरण प्रणालीमा बढ्दो भार, मर्मतका क्रममा स्थानीयबाट हुने अवरोध तथा संरचना विस्तारमा आउने समस्याका कारण सेवा प्रभावित भएको उनले बताए।

उनले स्थानीयको सहयोगबिना वितरण प्रणाली सुधार गर्न कठिन हुने उल्लेख गर्दै गर्मीयामभरि ट्रिपिङको समस्या पूर्ण रूपमा समाधान गर्न चुनौती रहेको बताए।

# धनुषामा चैते धान खेतीतर्फ किसानको आकर्षण बढ्दै

**धनुषा, असार २८ गते।** जिल्लाका विभिन्न स्थानीय तहमा पछिल्लो समय चैते धान खेती गर्ने किसानको सङ्ख्यामा उल्लेख्य रूपमा बढ्न थालेको छ। प्रशस्त उत्पादन हुने, वर्षमा तीन बाली लिन सकिने तथा सरकारी र विकास साझेदार संस्थाको सहयोग उपलब्ध हुने भएपछि किसानहरू चैते धान खेतीतर्फ आकर्षित भएका हुन्।

यहाँको लक्ष्मीनियाँ गाउँपालिकाका किसान विल्टु साहका अनुसार एक कट्ठा जमिनमा तीनदेखि पाँच मनसम्म उत्पादन हुने भएकाले चैते धानखेतीप्रति किसानको आकर्षण बढ्दै गएको छ। धनुषाका सुख्खा तथा बाढी प्रभावित दुई पालिकामा सङ्घीय सरकारले सञ्चालन गरेको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाअन्तर्गत चैते धान प्रवर्द्धन कार्यक्रम सञ्चालन भएपछि किसानको सहभागिता बढेको किसान भोला यादवले बताए।

विश्व बैंक र विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रमको सहयोगमा यहाँका वटेश्वर र जनकनन्दनी गाउँपालिकाका साना तथा निम्न आय भएका किसानलाई उन्नत बीउ, आधुनिक खेती गर्न प्रविधि, सिँचाइका सामग्री तथा आवश्यक तालिम उपलब्ध गराइएपछि किसानले चैते धान खेती विस्तार गर्न थालेका स्थानीय दीपक यादवले जानकारी दिए।



किसान दीपेन्द्र महतोका अनुसार वर्षमा तीन बाली उत्पादन गर्न सकिने भएकाले वटेश्वरमा मात्र १४० बिघा क्षेत्रफलमा चैते धान खेती गरिएको छ। हर्दिनाथ-१, २ र ३ जातका चैते धानको बीउ ८५ प्रतिशत अनुदानमा उपलब्ध गराइएपछि गाउँका अधिकांश किसानले यो खेती सुरु गरेका किसान भाग्यचन्द्र महतोले बताए। उनले समयमा बीउ, मल तथा सिँचाइको व्यवस्था भए मुलुकलाई धान, चामल तथा अन्य खाद्यान्नमा आत्मनिर्भर बनाउन सकिने विश्वास व्यक्त गरे।

खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना समूह एकाइ धनुषाका कृषि अधिकृत शिवचन्द्र झाले जिल्लाका दुई पालिकामा चैते धान प्रवर्द्धन कार्यक्रम सञ्चालन भएपछि किसान उत्साहित भई खेतीको क्षेत्र विस्तार हुँदै गएको बताए। उनका अनुसार सो पालिकामा हाल करिब १५० बिघा क्षेत्रफलमा चैते धान खेती गरिएको छ।

आयोजनाका समूह एकाइ प्रमुख रविलाल शर्माले साना तथा निम्न आय भएका किसानको खाद्य सुरक्षा, पोषण सुधार, कृषि उत्पादन वृद्धि तथा बजारीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको बताए। उनले यसले किसानको आयआर्जन वृद्धि र कृषि उत्पादनमा आत्मनिर्भरताका लागि महत्त्वपूर्ण योगदान पुऱ्याएको उल्लेख गरे।

जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा जिल्लामा ८५० हेक्टर क्षेत्रफलमा चैते धान खेती गरिएको छ। सो क्षेत्रबाट तीन हजार ३३२ मेट्रिक टन उत्पादन भएको केन्द्रले जनाएको छ। प्रतिहेक्टर तीन दशमलव ९२ मेट्रिक टन औसत रूपमा उत्पादकत्व हासिल जनाउँदै केन्द्रका प्रमुख प्रदीपकुमार यादवले जिल्लामा चैते धानखेतीको क्षेत्र विस्तारसँगै उत्पादनमा उल्लेखनीय वृद्धि भएको बताए।

कृषि ज्ञान केन्द्रले आगामी वर्षमा चैते धान खेती विस्तार गरी उत्पादन वृद्धि गर्न किसानलाई आवश्यक प्राविधिक सहयोग र प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिने योजना रहेको जनाएको छ।

## मधेश बजेट विवाद समाधानका लागि ............

पार्टीबाट सञ्जय यादव, संघीय समाजवादी पार्टीबाट विमला अंसारी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट सरिता ठाकुर सदस्य छन्।

प्रदेश सभामा बजेट सम्बन्धी विषयमा राजनीतिक दलहरूबीच कुरा नमिल्दा पछिल्ला केही दिनदेखि सदनको बैठक प्रभावित हुँदै आएको थियो।

गठित कार्यदलले विभिन्न राजनीतिक दल तथा सरोकारवाला पक्षहरूसँग घनिभूत छलफल गरी सहमतिका आधारमा ठोस सुझाव पेश गर्नेछ। सोही प्रतिवेदनका आधारमा बजेट कार्यान्वयनको मार्गप्रशस्त गर्ने र प्रदेश सभाको गतिरोध पूर्ण रूपमा अन्त्य गर्ने लक्ष्य राखिएको प्रदेशसभा सचिवालयले जनाएको छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक